मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक।

बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६, दैनिक ओपीडीमा डा. विनय प्रधान, डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा।

*दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ।*

◆ वर्ष : २७ ◆ अङ्क : ३११ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ असोज ११ गते मंगलबार (Tuesday, September 27. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-




# चाडपर्व लक्षित सुरक्षामा कडाइ

## देशभरका प्रहरी युनिटमा १९ बुँदे परिपत्र

**झापा, असोज १०।** सोमवार घटस्थापनासँगै दशैं शुरु भएको छ। अन्य ठूला चाडपर्व पनि नजिकिइरहेका छन्।

प्रहरीले चाडपर्वमा हुनसक्ने आपराधिक गतिविधि नियन्त्रणका लागि विशेष सतर्कतासहित सुरक्षामा कडाइ शुरु गरेको छ। प्रहरी प्रधान कार्यालयले देशभरका प्रहरी युनिटमा आपराधिक गतिविधि नियन्त्रण तथा निगरानीका लागि १९ बुँदे निर्देशनसहित परिपत्र गरेको छ।

दशैं, तिहार र छठपर्वको समयमा हुने उच्छृंखल क्रियाकलाप, राजमार्ग र सहायक मार्गहरुमा हुन सक्ने अवाञ्छित कार्यहरु लगायत विभिन्न आपराधिक गतिविधि नियन्त्रणका लागि निर्देशन दिइएको छ। यस्तै, सरकारी कार्यालय, महत्वपूर्ण प्रतिष्ठानहरुको भरपर्दो सुरक्षा व्यवस्था मिलाउन पनि प्रहरी युनिटहरुलाई हेडक्वाटरले निर्देशन दिएको छ। अत्यावश्यक उपभोग्य वस्तुहरुको सहज आपूर्ति व्यवस्थाका लागि पनि निगरानी बढाउन भनिएको छ।

'चाडपर्वको मौका छोपी उद्योगपति, व्यापारीहरु, राजमार्गमा चल्ने सवारी साधनहरुबाट आर्थिक सहयोगको नाममा जबरजस्ती चन्दा संकलन, चिठ्ठा, उपहार कार्यक्रम जस्ता गतिविधि हुन/गर्न नदिई त्रुटिरहित ढंगबाट सुरक्षा व्यवस्था मिलाउने तथा त्यस्ता किसिमका गतिविधिहरु गर्ने उपर कानून बमोजिम कारबाही गर्ने, परिपत्रमा भनिएको छ- 'सर्वसाधारणहरुले बैंक तथा वित्तीय संस्थाहरुबाट रकम झिक्ने, सरसामान किनमेल गर्ने स्थानहरुमा हुन सक्ने चोरी, लुटपाट, ठगी र डकैती जस्ता घटनाहरु हुन सक्ने स्थानहरुमा निगरानी बढाई सुरक्षा व्यवस्था मिलाउने, बैंक तथा वित्तीय संस्थाहरुका सुरक्षागार्डहरुलाई सुरक्षा विधि र अपनाउनुपर्ने सावधानीका बारेमा अनुशिक्षण दिने, काठमाडौं उपत्यकामा विशेष सुरक्षा योजना बनाई मुख्य मुख्य स्थान, बैंक, व्यापारिक केन्द्र, बसपार्क, मल तथा सुपरमार्केट, मनोरञ्जनस्थल लगायत चक्रपथ बाहिर हुनसक्ने चोरी, लुटपाट, ठगी र अन्य आपराधिक गतिविधिलाई प्रभावकारी नियन्त्रणको व्यवस्था मिलाउन भनिएको छ।

यस्तै, बजारमा कृत्रिम अभाव, कालोबजारी, अस्वाभाविक मूल्यवृद्धि जस्ता कार्यहरु हुन नदिने, लामो तथा छोटो दूरीका सवारीले यात्रुसँग बढी भाडा लिनसक्ने, क्षमताभन्दा बढी यात्रु राख्ने जस्ता गतिविधिमा रोक लगाउन भनिएको छ।

राजमार्ग तथा सहायक राजमार्गमा चेकजाँचको व्यवस्था गर्न पनि प्रहरी प्रधान कार्यालयले निर्देशन

*(बाँकी अन्तिम पृष्ठमा)*

# गीतकार शिवशंकरलाई डेढ लाखसहित 'अमरभावना राष्ट्रिय स्रष्टा सम्मान'



**बिर्तामोड, असोज १०।** झापा बिर्तामोड निवासी अग्रज एवम् प्रतिष्ठित गीतकार शिवशंकर थापालाई अमरभावना राष्ट्रिय सम्मान-२०७८ प्रदान गरिएको छ।

गीतकार संघ नेपालको आयोजनामा धनकुटामा आयोजित विशेष समारोहकाबीच गीतकार थापालाई एक लाख ५१ हजार रुपैयाँ राशिसहितको सो सम्मान प्रदान गरिएको हो।

गीतकार संघ नेपालका अध्यक्ष शुभ मुकारुङको अध्यक्षता एवम् प्रदेश नं. १का प्रमुख परशुराम खापुङको प्रमुख आतिथ्यमा भएको समारोहमा थापासहित मानबहादुर दोङ तामाङ र गीता खत्रीलाई पनि सम्मान गरिएको थियो।

तामाङलाई विष्णु-मनसरा घले मातृभाषा गीतकार सम्मान र खत्रीलाई डायस्पोरा गीतकार सम्मान प्रदान गरिएको थियो। ती पुरस्कारको राशि क्रमशः २५ हजार दुई सय ५२ रुपैयाँ र १५ हजार रुपैयाँ रहेको छ।

संघले संस्थामा आवद्ध सदस्यहरुले वि.स. २०७८मा सार्वजनिक गरेका र संस्थामा दर्ता भएका गीति पुस्तकहरु र गीतहरुलाई विशेष समितिले चयन गरी स्थापना दिवसकै दिन बर्ष गीत पुरस्कार तथा बर्ष गीत पुस्तक पुरस्कार समेत प्रदान गरेको थियो। संघले श्रष्टाहरुलाई सिर्जनामा उत्साह र ऊर्जा थप्न हरेक बर्ष सम्मान तथा पुरस्कार वितरण गर्दै आएको संघका उपाध्यक्ष बसन्त बित्यासी थापाले जानकारी दिएका छन्।

सम्मान तथा पुरस्कार वितरण समारोहमा सांगुरीगढी गाउँपालिका अध्यक्ष जीतेन्द्र राई, गायक दीप श्रेष्ठ, अमर वान्तु लगायतको उपस्थिति थियो। पाँच दशकदेखि गीत रचना लेखनमा निरन्तर साधनारत् अमर-भावना राष्ट्रिय श्रष्टा सम्मानबाट सम्मानित थापा बिर्तामोड-१ अतिथि सदन टोल निवासी हुन्।

# बिर्तामोडमा छुट्टै बाल अस्पताल

**बिर्तामोड, असोज १०।** बिर्तामोडमा १५ शय्याको बाल अस्पताल सञ्चालनमा आएको छ। बिर्तामोड-१मा जिल्लामै पहिलोपटक बाल अस्पताल सञ्चालनमा आएको हो।

बिर्तामोड चिल्ड्रेन अस्पतालका नाममा सञ्चालनमा ल्याइएको बाल अस्पतालको उद्‌घाटन बिर्तामोड नगरपालिका प्रमुख पवित्रादेवी महतारा प्रसाई र उपप्रमुख नगेन्द्र प्रसाद संग्रौलाले संयुक्त रुपमा गरेका थिए। झापा मेडिकल हवका रुपमा परिचित भए पनि बालबालिकाका उपचारका लागि छुट्टै बाल अस्पताल नभएको अवस्थामा बिर्तामोड चिल्ड्रेन अस्पताल जिल्लाकै पहिलो चिल्ड्रेन अस्पताल भएको बताइएको छ।

अत्यधिक जापानिज प्रविधिका उपकरणसहित इको र इसीजीको समेत व्यवस्थासहित २४सै घण्टा सेवा प्रवाह गर्ने उद्देश्यले छ जना विशेषज्ञ




चिकित्सक र अनुभवी नर्सिङ स्टाफसहितको अस्पताल सञ्चालनमा ल्याइएको हो। लामो समयसम्म वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, नोबेल मेडिकल कलेज विराटनगर र वीएण्डसी अस्पताल बिर्तामोडमा चार वर्षसम्म बाल रोग विशेषज्ञका रुपमा प्रमुख भएर काम गरी सकेका बालरोग विशेषज्ञ डा. रुपक आचार्यले

*(बाँकी अन्तिम पृष्ठमा)*

# १९ किलो चाँदीसहित भारतीय नागरिक पक्राउ

**काठमाडौं, असोज १०।** सशस्त्र प्रहरीले धनुषाबाट १९ किलो चाँदीसहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ। सशस्त्र प्रहरीले भारत बिहार मधुवनी जिल्लाको सुट्टी गाउँका ५० वर्षीय चन्द्रकान्त झालाई पक्राउ गरेको हो।

शरीरको विभिन्न भागमा लुकाएर साइकलमा भारतबाट नेपालतर्फ आउँदै गरेको अवस्थामा जाँच गर्दा उनलाई पक्राउ गरिएको सशस्त्र प्रहरी बल जटहीका प्रहरी नायव उपरीक्षक निर्मल खड्काले जानकारी दिए।

प्रनाउ खड्काले बरामद गरिएको १९.४१७ केजी चाँदीको रु. १९ लाख ६४ हजार तीन सय ४० मूल्य बराबरको रहेको बताए। बरामद चाँदीसहित पक्राउ परेका भारतीय नागरिकलाई आवश्यक कारबाहीका लागि जनकपुर भन्सार कार्यालयमा बुझाइएको प्रहरी नायब उपरीक्षक खड्काले जानकारी दिए।

# एकैदिन डेंगुबाट १५१ जना संक्रमित, मृत्यु हुने ३२ पुग्यो

**काठमाडौं, असोज १०।** पछिल्लो २४ घण्टामा डेंगुका कारण एक हजार ५१ जना संक्रमित थपिएका छन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार सोमबारसम्म २५ हजार ५४३ जनामा डेंगु पुष्टि भएको छ। यसअघि आइतबारसम्म २४ हजार ४९२ जनामा डेंगु संक्रमण भएको थियो। अहिलेसम्म डेंगु संक्रमणका कारण ३२ जनाको मृत्यु भएको छ। मन्त्रालयको अनुसार अहिलेसम्म सबैभन्दा बागमती प्रदेशमा १९ हजार ९१०मा डेंगु संक्रमण भएको छ। हालसम्म देशभरका ७६ जिल्लामा डेंगु संक्रमण फैलिएकाले यसलाई 'प्रकोप' घोषणा गर्ने तयारी गरेको छ।

संक्रमितको संख्या दिनदिनै बढिरहेकाले सतर्कता अपनाउन स्वास्थ्य मन्त्रालयले आग्रह गरेको छ।

**शुभ दशैं**

विजय दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४२ तथा छठ पर्व २०७९को पावन अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**राकेश ढकाल** सचिव एवम् **किरण शिवाकोटी** अध्यक्ष

**शनिश्चरे-अर्जुनधारा खानेपानी तथा सरसफाई उपभोक्ता समिति परिवार,** अर्जुनधारा नग[redacted]

# ३९ जना बृद्धबृद्धालाई सम्मानित



**झापा, असोज १०।** बिगतका वर्ष झैं यस वर्षपनि धनकुट्टाको विश्रान्ति मन्दिर मूलघाटमा आश्रय लिएर बसेका वृद्धवृद्धालाई सम्मान गरिएको छ।

लायन्स क्लव अफ बिर्तामोड लेडीले २१ जना ज्येष्ठ मातासहित ३९ जना वृद्धवृद्धालाई सम्मान गरेको हो। लायन्स क्लव अफ बिर्तामोड लेडीकी अध्यक्ष नम्रता रिजाल ढकालको अध्यक्षता तथा लायन्स क्लव अफका इन्टरनेशनल डिष्ट्रिक ३२५ सीका गर्भरनर धिरज गुरुङको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो। सो समारोहमा फष्ट लेडी लेखा गुरुङ समेत उपस्थित रहेकी थिइन्।

कार्यक्रममा सामाजिक व्यक्तित्व तथा लायन्सकी मेम्बर आरती लिम्बू श्रेष्ठले माता पिताको सम्मानमा गरिएको कार्यको प्रसंसा गरेकी थिइन्। उनले यस अघि हरेक वर्ष झापा, मोरङ सहित पूर्वी पहाडी जिल्लामा बसोवास गर्ने ज्येष्ठ नागरिकमलाई सम्मान गर्दै आएकी थिइन्। यास वर्ष पनि धनकुट्टाको विश्रान्ती मन्दिर मा रहेका वृद्धवृद्धालाई सम्मान गरिएको हो। कार्यक्रममा लायन्स क्लव अफ बिर्तामोड लेडीकी संस्थापक अध्यक्ष तथा

*(बाँकी अन्तिम पृष्ठमा)*

"Shine with Life, Learn with Love, Grow with God"

IN COLLABORATION WITH ECEC Early Childhood Education Centre

**हार्दिक बधाई तथा शुभकामना**

ACCREDITED ACSI Association of Christian Schools International



अन्तर्राष्ट्रिय बाल दिवसको उपलक्ष्यमा साहित्य चौतारी झापाद्वारा आयोजित बाल प्रतिभा छनौट प्रतियोगिताको कविता लेखन तथा वाचन विधामा यस विद्यालयका विद्यार्थीहरू आरध्य लुइँटेल दोस्रो स्थान र प्रजिता ढकाल तृतीय स्थान हासिल गर्न सफल भएकाले विद्यार्थीद्वयलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

**चिल्ड्रेन इन्भारोमेन्ट स्कुल**

बिर्तामोड-१, झापा (०२३-५३०४२३/५३४५६५)

बडा दशैं शुभकामना

विजयदशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४२ तथा छठ पर्व २०७९को पावन अवसरमा हाम्रा समस्त ग्राहक, शुभचिन्तक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**प्रो. विष्णु बुढाथोकी** ९८१७०७६७६२ एवम् **प्रो. हेमा खड्का** ९८०४९७७३१९

**माँ पाथीभरा स्वीट्स एण्ड क्याफे**

मेचीनगर-१०, धुलावारीमोड (झापा)

नोटः यहाँ विवाह, ब्रतबन्ध, पार्टी तथा अन्य शुभकार्यका लागि आवश्यक मिष्ठान्नहरु अर्डर अनुसार तयार गरिन्छ।

## पितृ खुशी नभएको भन्दै हत्या

**काठमाडौं, असोज १०।** माझी समुदायका पितृ खुशी नभएको भन्दै आइतबार एक वृद्धाको कुटपिट गरी हत्या भएको छ भने अर्की १ वृद्धा गम्भीर घाइते भएकी छन्। घटना रामेछापको खाँडादेवी गाउँपालिका-३, भिरापानी, सित्खाको हो।

कुटपिटबाट मारिनेमा स्थानीय ५५ वर्षीया बिबी माझी रहेको र उनकी आमा ७० वर्षीया सुनमाया माझी घाइते भएको प्रहरीले जनाएको छ। घाइतेको उद्धार गरी मन्थली अस्पतालमा उपचारका लागि भर्ना गरिएको छ। प्रहरीले घटनामा संलग्न भएको आशंकामा ७ महिलासहित २२ जनालाई पक्राउ गरेको छ। पक्राउ परेकाले पितृले मारेको भन्ने प्रहरी समक्ष बयान दिएका छन्। सांस्कृतिक नाममा भएको घटनाबारे थप अनुसन्धान गर्न प्रहरी सोमबार घटनास्थल गएको छ।

## बाह्रदशी अपाङ्गता समाजको नेतृत्व चयन

**बिर्तामोड, असोज १०।** बाह्रदशी अपाङ्गता समाजको अध्यक्षमा सन्तोष सुवेदी चयन भएका छन्। हाम्रो बाह्रदशी अपाङ्गता अभियानको दोस्रो वार्षिक साधारणसभाबाट सुवेदी अध्यक्षमा चयन भएका हुन्।

गाउँपालिका अध्यक्ष देविन्द्रप्रसाद चम्लागाँईको प्रमुख आतिथ्य तथा उपाध्यक्ष शान्त शिवाकोटी खरेलको विशेष आतिथ्यमा भएको साधारणसभाले सुवेदीको अध्यक्षतामा ११ सदस्यीय समिति गठन गरेको हो।

समितिको उपाध्यक्षमा ओमप्रकाश संग्रौला, सचिवमा रुद्रलाल दुलाल, सहसचिवमा टेकनारायण र कोषाध्यक्षमा गीताकुमारी गणेश चयन भएका छन्।

समितिको सदस्यहरुमा नेत्र खतिवडा, गीताकुमारी राजवंशी, समद आलम, हेमचन्द्र रेग्मी, आशा लिम्बू र हेमकुमारी पण्डित चयन भएका छन्।

### चाडपर्व ...

दिएको छ। अवैध मदिरा बिक्री वितरण, पटका र आतसबाजी, जुवातासलाई पनि निस्तेज गर्न भनिएको छ।

सीमा क्षेत्रमा हुने तस्करी, लुटपाट, ठगी र डकैती जस्ता घटनामा सतर्कता बढाउन भनिएको छ। तीनवटै चाडबाडको समयममा सुरक्षा निकायका प्रमुखहरुलाई जिल्ला नछाड्न र सरकारी कार्यालयहरुमा भरपर्दो पालो पहरा मिलाउन निर्देशन छ।

दशैंमा अधिकांश मान्छे घर छाडेर टीका थाप्न जाने र चोरी हुन सक्ने भएकाले सादा पोशाकमा समेत प्रहरी परिचालन गरी निगरानी तथा प्रहरी गस्ती बढाउन भनिएको छ। यस्तै, हिरासतमा रहेका कैदीबन्दी, थुनुवाहरुले प्रहरी हिरासत कक्षमा आत्महत्या गर्ने सम्भावनालाई मध्यनजर गरी कानूनी रुपमा म्याद थप भएका वा हुने बाहेकलाई हिरासतमा नराख्न पनि हेडक्वाटरको निर्देशन छ।

### ३९ जना ...

रिजन चेयर पर्सन उर्मिला विमली खरेलले समेत शुभकामना मन्तव्य राखेकी थिइन्। कार्यक्रमको सञ्चालन संस्थाकी सचिव इन्दिरा खरेलले गरेकी थिइन् भने ज्येष्ठ नागरिकलाई दोसल्ला देवी थापाले उपलब्ध गराएकी थिइन्।

कार्यक्रमका प्रमुख अतिथि गुरुङले सामाजिक श्रेत्रमा बिर्तामोड लायन्स क्लव लेडीले पुऱ्याएको योगदानको चर्चा गरेका थिए। आगामी दिनमा समेत यस खाले कार्यक्रम सञ्चालनका लागि उनले सबैलाई एकढिक्का भएर अघि बढ्न सुझाव दिएका थिए। उनले यसैगरी सबै महिला दिदी वहिनीलाई सहयोगी हात बढाउन सुझाएका थिए।

### बिर्तामोडमा ...

अस्पताल सञ्चालनमा ल्याएका हुन्।

नवजात शिशु तथा बाल रोग विशेषज्ञ आचार्यसहित उनकी श्रीमती गाइनो फिजिसीयन डा. सुजता मैनाली आचार्यको लगानीमा अस्पताल सञ्चालनमा आएको हो। बिर्तामोडमा रहेका ठूला अस्पतालको तुलनामा सबै अत्याधुनिक उपकरणसहित बाल अस्पताल सञ्चालनमा ल्याइएको उद्घाटन समारोहमा अस्पतालका प्रबन्ध निर्देशक डा. आचार्यले बताए।

अस्पताल उद्घाटन समारोहमा बिर्तामोड नगर प्रमुख र उपप्रमुखसहित बिर्तामोडका लब्ध प्रतिष्ठित व्यक्तिको सहभागिता रहेको थियो। सो उद्घाटन समारोहमा बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटी, नेपाल मेडिकल एशोसिएशन झापाका अध्यक्ष डा. सीपी यादव, बिर्तामोड-५ का वडाध्यक्ष रोहित प्रसाई, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, नेकपा एमाले बिर्तामोड नगरअध्यक्ष सुवास भट्टराई, जिल्ला स्वास्थ्य कार्यालय झापाका योगराज घिमिरे, बिर्तामोड उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष कुमार भट्टराई, संघ वरिष्ठ उपाध्यक्ष राजु न्यौपाने, महासचिव अर्जुनकुमार मैनाली, सचिव सञ्जीव घिमिरे, अलैंची व्यवसायी महासंघका अध्यक्ष निर्मल भट्टराई, राष्ट्रिय उपभोक्ता मञ्च झापाका अध्यक्ष मदन गोपाल सुब्बा लगायतको आतिथ्य रहेको थियो। अस्पतालकी अध्यक्ष लीला मैनालीको सभापतित्वमा भएको कार्यक्रमको सञ्चालन बिर्तामोड उद्योग वाणिज्य संघकी महिला उपाध्यक्ष नैनकला भट्टराईले गरेकी थिइन्।


शुभ दशैं

विजयदशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४२ तथा छठ पर्व २०७९को पावन अवसरमा देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

कमल राया: प्राविधिक

नेपाल विद्युत् प्राधिकरण शनिश्चरे उपवितरण केन्द्र, अर्जुनधारा नपा-८, झापा

शुभ दशैं

विजय दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४२ तथा छठ पर्व २०७९को पावन अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

अर्जुनधारा नगर विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड परिवार

अर्जुनधारा नगरपालिका-८, झापा

शुभ दशैं

विजयदशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४२ तथा छठ पर्व २०७९को पावन अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

राजेशकुमार आचार्य, सचिव एवम् रुद्रप्रसाद सिटौला, अध्यक्ष

निजी तथा आवासीय विद्यालय संगठन (प्याब्सन) नगर समिति परिवार, अर्जुनधारा नपा, झापा



विजय दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४२ तथा छठ पर्व २०७९को पावन अवसरमा देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

ऐतराज नेम्वाङ 'सन्तोष' : निर्माण व्यवसायी

अर्जुनधारा नगरपालिका-७, झापा

शुभ दशैं

विजय दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४२ तथा छठ पर्व २०७९को पावन अवसरमा हाम्रा समस्त ग्राहक महानुभाव, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

(हाम्रा सेवाहरुः घर नक्सा डिजाइन, सुपरभिजनको सुविधा, अनुमानित लागत खर्च मूल्याङ्कन, बैंकिङ मूल्याङ्कन आदि।)

जलकन्या इञ्जिनियरिङ कन्सलटेन्सी प्रा.लि. परिवार

सम्पर्कः ९८५२६८००००/९८१७०८१०४५/९८१७०८११४५

अर्जुनधारा -८, शनिश्चरे मा.वि. अगाडि (झापा)

शुभ दशैं

विजय दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४२ तथा छठ पर्व २०७९को पावन अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

प्रकाश ओली, प्रधानाध्यापक एवम् जीना ओली, संस्थापक

ब्राइट विग्निङ एकाडेमी परिवार

अर्जुनधारा नगरपालिका-४, झापा

शुभ दशैं

विजय दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४२ तथा छठ पर्व २०७९को पावन अवसरमा हाम्रा समस्त ग्राहक महानुभाव, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

(नोटः चाडपर्व लक्षित विशेष अफर अर्न्तगत सस्तो मूल्यमा डिसहोमको फाईबर नेट उपलब्ध हुने यहाँहरुमा जानकारी गराउँदछौं।)

डिसहोम फाइबर नेटको आधिकारिक बिक्रेताः

स्टार साउण्ड एण्ड टेन्ट हाउस परिवार

सम्पर्कः ९८५२६७९७४४/९८०४९६२६००

अर्जुनधारा नगरपालिका-८, शनिश्चरे बजार (झापा)

शुभ दशैं

विजय दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४२ तथा छठ पर्व २०७९को पावन अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

भवानीदेवी चापागाँई, सचिव एवम् तुलसीप्रसाद खतिवडा, अध्यक्ष

शान्ति सामुदायिक वन उपभोक्ता समूह परिवार, अर्जुनधारा नगरपालिका-२, झापा

शुभ दशैं

विजय दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४२ तथा छठ पर्व २०७९को पावन अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

यज्ञलाल श्रेष्ठ, वि.व्य.स. अध्यक्ष एवम् प्रभुकुमार श्रेष्ठ, संस्थापक प्रधानाध्यापक

रुपरत्न मेमोरियल बोर्डिङ स्कूल परिवार

अर्जुनधारा नगरपालिका-७, झापा

शुभ दशैं

विजय दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४२ तथा छठ पर्व २०७९को पावन अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

जुकेखाडी सामुदायिक वन उपभोक्ता समिति परिवार

अर्जुनधारा नगरपालिका-३, झापा

शुभ दशैं

विजय दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४२ तथा छठ पर्व २०७९को पावन अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

ओम तोलाङ्गीः सचिव एवम् देउनारायण राईः अध्यक्ष

हलुवागढ सामुदायिक वन उपभोक्ता समूह परिवार, अर्जुनधारा नगरपालिका-१, झापा

शुभ दशैं

विजय दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४२ तथा छठ पर्व २०७९को पावन अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

खम्बसिंह बस्नेत, प्रधानाध्यापक; बसन्त श्रेष्ठ, निर्देशक; ईश्वरा श्रेष्ठ, संस्थापक एवम्

स्वस्तिका शिशु सदन अंग्रेजी माध्यमिक विद्यालय परिवार

अर्जुनधारा नगरपालिका-८, झापा

शुभ दशैं

विजय दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४२ तथा छठ पर्व २०७९को पावन अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

रञ्जिता भट्टराईः सचिव एवम् मंगलसिंह लिम्बूः अध्यक्ष

सुखानी सामुदायिक वन उपभोक्ता समूह परिवार

अर्जुनधारा नगरपालिका-३ र माई नगरपालिका-४, झापा/इलाम

शुभ दशैं

विजय दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४२ तथा छठ पर्व २०७९को पावन अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, सरकारी तथा गैहसरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

प्रभा नेपाल, सचिव एवम् चन्द्र प्रसाईं, अध्यक्ष

हचुमासा सामुदायिक वन उपभोक्ता समूह परिवार, अर्जुनधारा नगरपालिका-१, झापा

शुभ दशैं

विजय दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४२ तथा छठ पर्व २०७९को पावन अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

मदनकुमार दनुवार, सचिव एवम् विष्णु प्रसाईं, अध्यक्ष

खुदुनावारी-अर्जुनधारा खानेपानी तथा सरसफाई उपभोक्ता समिति परिवार, अर्जुनधारा नगरपालिका-१, झापा


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## विश्व पर्यटन दिवसको सन्देश

आज अंग्रेजी सम्वत् अनुसार सेप्टेम्बर २७ तारिख । संयुक्त राष्ट्र विश्व पर्यटन संगठनले आजको दिनलाई विश्व पर्यटन दिवसका रुपमा मनाउन थालेको चार दशकभन्दा बढी भइसकेको छ । अन्तर्राष्ट्रिय समुदायमा पर्यटनको भूमिका र महत्वका बारेमा चेतना जगाउँदै यसकै माध्यमबाट आर्थिक समृद्धि हासिल गर्ने उद्देश्य अनुरुप मनाउन थालिएको विश्व पर्यटन दिवस हाम्रा लागि पनि त्यत्तिकै महत्वको छ । पर्यटन शब्दले नै घुमफिर गर्ने काम भन्ने बुझाउँछ, जसका आधारमा एकअर्काको भाषा, संस्कृति, चालचलन, परम्परा, भेष–भुषा बुझ्न, जान्न र परिचित हुन सहयोग पुग्छ । पर्यटनकै माध्यमबाट मानिसमा ऊर्जा, जोश र प्रेरणा पनि प्राप्त हुन्छ । यसले रोजगारीको अवसर प्रदान गर्छ, स्थानीय उत्पादन प्रवर्द्धन गर्न, जनशक्तिलाई अवसर दिन र आम्दानीको स्रोत निर्माण गर्छ ।

त्यसो त पूर्वीय दर्शनले घुमफिर गर्ने क्रममा कतै पुगेका व्यक्तिलाई अभ्यागत, अतिथि वा पाहुना मानेको छ । बिना सूचना वा जानकारी अचानक आउने व्यक्ति नै अतिथि हुन् र ती ईश्वरको प्रतिरुप हुन्छन् भनेको छ । यस हिसाबले हामीकहाँ घुमफिर गर्ने क्रम मानव सभ्यताको विकाससँगै शुरु भएको मान्न सकिन्छ । 'अतिथि देवो भव'को मान्यता आत्मसात गरेका नेपाली प्राचीन कालदेखि नै बन्दव्यापार, अवसर र जीवन निर्वाह खोज्न घुमफिर गरेको इतिहास छ । पछिल्लो काल भौतिक विकास भएसँगै घुमफिर गर्ने कार्य व्यापक बनियो । पर्यटन लक्षित आवास क्षेत्र, गृह तथा सेवासुविधा प्रदान गर्न थालिएको छ । आन्तरिक र बाह्य पर्यटन तथा पर्यटकको माध्यमबाट नयाँ कुरा जान्ने, देख्ने र अनुभूत गर्ने पर्यटन आज व्यावसाय तथा राष्ट्रको आयको बलियो स्रोत भएको छ ।

पर्यटनका विश्वव्यापी प्रकारहरुमध्ये हाम्रो प्रकृति पर्यटकलाई लोभ्याउने मुख्य आधार हो । यस बाहेक धार्मिक तथा सांस्कृतिक कारणले पनि लाखौं पर्यटकहरु नेपाल आउने गरेका छन् । उनीहरु जुनसुकै उद्देश्यले आएको भए पनि त्यसको प्रतिफल राष्ट्रिय हितमा हुने भएकाले देवता मानिएका हाम्रा पाहुनाहरुलाई सेवासुविधा विस्तार गर्नुपर्छ । पर्यटकहरुलाई हिमालदेखि सांस्कृतिक एवम् जैविक विविधताको अध्ययन अवलोकन गर्ने सहज र उपयुक्त वातावरण निर्माण गरिदिनु पर्दछ । उद्योग सरहको महत्व भएको पर्यटन क्षेत्रलाई राष्ट्रिय आयको स्रोत बनाउनु पर्दछ । यसले विदेशी मुद्रा आर्जन गर्न, रोजगारी तथा अवसर सृजना गर्न र हाम्रा कला–संस्कृतिको प्रचारप्रसार गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्छ । त्यसकारण पनि विकासमा पछि परेको हामी र हाम्रा जस्ता देशहरुको सम्पूर्ण विकासका लागि पर्यटन दिवसको सान्दर्भिकता र महत्व व्यापक छ । त्यसैले राज्यले पर्यटन व्यवसायको प्रवर्द्धन तथा विस्तारका लागि पर्यटकीय क्षेत्रहरुको पहिचान सँगै पर्यटक अनुकूलन सुविधा र सेवा प्रवाहमा ध्यान दिनुपर्दछ । यो व्यक्ति, पर्यटक तथा राष्ट्रको हितमा हुन्छ ।

# ब्याजदरको कठोर यात्रा



जुनारबाबु बस्नेत




दुई दिनअघिसम्मको वित्तीय विवरण अनुसार देशमा राजश्व उठ्तीभन्दा खर्च बढी भएको छ। असोज ८ गतेसम्म सरकारको कुल खर्च एक खर्ब ९२ अर्ब रुपैयाँ भएको छ। यो अवधिमा राजश्व सङ्कलन भने एक खर्ब ५५ अर्ब रुपैयाँ मात्र छ। यो चालू आर्थिक वर्ष साउनयताको तथ्याङ्क हो। चालू आर्थिक वर्षमा चानचुन १४ खर्ब रुपैयाँ राजश्व उठाउने सरकारको लक्ष्य छ।

चालू आर्थिक वर्षका निम्ति कुल १७ खर्ब ९३ अर्ब अर्थात् झन्डै १८ खर्ब रुपैयाँ कै बजेट ल्याइएको हो। राजश्व उठ्ती आर्थिक वर्षको यो तेस्रो महिना आइपुग्दा ११ प्रतिशतको मात्र वृद्धिदर देखिन्छ। सरकारको चालू खर्च भने १३ प्रतिशत हाराहारीले बढेको छ। यो दुई महिनामा पुँजीगत खर्चको दर भने मात्रै दुई प्रतिशत छ। सायद अर्थतन्त्रको यो प्रवृत्ति देखेरै हुनुपर्छ, प्रधानमन्त्री शेरबहादुर देउवाले केही दिनअघि कर्मचारीलाई तलब खुवाउन समेत ऋण लिने अवस्था आउन थालिसकेको भन्दै चिन्ता व्यक्त गर्नुभएको छ। अब चिन्ता होइन, गम्भीर चिन्तन गर्ने बेला आएको छ।

अर्थतन्त्र किन यो दिशातिर जाँदैछ ? विमर्शको कमी भएको छ। बजेटले लक्ष्य गरेको राजश्व वृद्धि पूरा हुन कम्तीमा पनि २० प्रतिशतको वृद्धिदर आवश्यक पर्छ। त्यो वृद्धि झन्डै आधा मात्र रहेको छ। यस्तो हुनुमा धेरै कारण छन्। तर, मूल कारण भनेको ब्याजदरको कठोर यात्राले अर्थतन्त्रलाई गम्भीर सङ्कटतिर धकेल्ने सङ्केत देखा पर्दैछ। नेपालमा देखिएको यो प्रवृत्तिमा केही नीतिगत दोष होला, तर अन्तर्राष्ट्रिय रूपमै अर्थतन्त्र मन्दीको चपेटामा पर्ने खतराले समेत काम गरेको छ। विश्व बैङ्कले आगामी आर्थिक वर्षमा विश्व अर्थतन्त्रले मन्दीको खतरा झेल्नुपर्ने बताइसकेको छ। त्यसबाट माथि उठ्न नीतिगत, संस्थागत र संरचनागत सुधारका निम्ति विश्वका सरकारलाई सुझाव समेत गरिसकेको छ। नेपाली बैङ्क तथा वित्तीय संस्थामा ब्याज आतङ्क नै छ यतिबेला। बचत निक्षेपमा आठदेखि १० प्रतिशतको ब्याज वाणिज्य बैङ्कले नै दिइरहेका छन्। मुद्दती निक्षेपको ब्याज वाणिज्य बैङ्कहरूले नै १२ देखि १५ प्रतिशतको ब्याजको प्रतिस्पर्धा गरिरहेका छन्।

विकास बैङ्क, वित्त कम्पनी र सहकारीको ब्याजको त कुरै भएन। त्यसभन्दा धेरै माथि छ। अझ आश्चर्यको कुरा त के छ भने उच्च ब्याजदरमा समेत बैङ्क तथा वित्तीय संस्थाहरूले अपेक्षित निक्षेप प्राप्त गर्न सकेका छैनन्। उच्च ब्याजदर आरम्भ भएको केही महिना भएको छ। नयाँ आर्थिक वर्ष आरम्भ भएपछि ब्याजदरमा केही सुधार आउने अपेक्षा गरिएको थियो। तर, नयाँ आर्थिक वर्षको तेस्रो महिनामा झनै ब्याजदर बढेको छ। मुद्दती ब्याजदरका तत्कालीन र दीर्घकालीन अवसर दिएर बैङ्क तथा वित्तीय संस्थाहरू नयाँ-नयाँ कार्यक्रमको विज्ञापन गर्न थालेका छन्। यसरी अब ब्याजदर कुन हदसम्म माथि लैजाने ? यस्ता प्रश्नको उत्तर खोज्नैपर्ने भएको छ।

उद्योगी तथा व्यवसायीहरू उच्च ब्याजदरप्रति निराश छन्। पुँजीको उच्च ब्याजदरमा लगानी सम्भव हुँदैन। मूल समस्या त के हो भने उच्च ब्जाजदरमा पनि चाहेको कर्जा प्राप्त हुन सकेको छैन। पुँजीको उच्च ब्याजदरको लगानीले बढी प्रतिफल दिन सक्दैन। त्यसैले स्वभाविक रूपमा लगानी घट्दै जानेछ। लगानी घट्नु भनेको त्यसले सिर्जना गर्ने रोजगारी घट्नु हो। घट्दो लगानीले रोजगारी मात्र घटाउँदैन, उत्पादन समेत घटाउँछ। चालू आर्थिक वर्षमा आठ प्रतिशतको आर्थिक वृद्धि बजेटले राखेको भए पनि ब्याजदरका कारण लगानी खुम्चँदै जाने देखिएको छ। त्यसले अर्थतन्त्रमा आय, उत्पादन र रोजगारी घटाउँदै लैजाने छ। सरकारको राजश्व घट्दै जानुको मूल कारण ब्याजदरमा आएको यो असजिलो भए पनि छिचोल्ने यत्न पर्याप्त छैन।

बाध्यताले नै हुनुपर्छ, नेपाल राष्ट्र बैङ्कले कसिलो मौद्रिक नीति लिएको छ। सस्तो ब्याजमा बजारमा बढी पैसा पठाउँदा त्यस्तो पैसा उपभोगमा खर्च भई अझ महँगी बढ्ने खतरा हुन्छ भनेर नै केन्द्रीय बैङ्कले कसिलो मौद्रिक नीति लिएको हुनुपर्छ। कति कसिलो मौद्रिक नीति ? यसमा बृहत् गृहकार्य हुन सकेको छैन। अध्ययन हुन सकेको छैन। अन्तर्राष्ट्रिय लहलहैमा बढी कसिलो मौद्रिक नीतिले नेपाली अर्थतन्त्रका आयामलाई थिलथिलो बनाउँदै लैजाने छ। भएको रोजगारी गुमेपछि देश बाहिर जाने प्रवृत्ति अझै भयावह हुनेछ।

कसिलो मौद्रिक नीति रुस र युक्रनेबीचको युद्धको प्रभाव समेत हो। अन्तर्राष्ट्रिय बजारमा इन्धनको भाऊ एक्कासी बढेपछि मूल्य वृद्धिको चाप पऱ्यो। मुद्रास्फीर्ति बढ्यो संसारभर। अमेरिकी केन्द्रीय बैङ्कले देशमा १० प्रतिशतसम्म मूल्य वृद्धि गरेपछि ब्याजदरमा झन्डै दोब्बरले वृद्धि गऱ्यो। उपभोक्ताको हातमा बढी पैसा पर्न नदिने यो जुक्तिले केही काम त गरेको छ। तर, त्यसको असर संसारभरका अर्थतन्त्रमा पर्न थालेको छ। केही महिनाअघिसम्म प्रति अमेरिकी डलर १२० रुपैयाँ थियो। अहिले प्रति डलर भाउ एक सय ३० रुपैयाँको नजिक पुगिसकेको छ। भारतीय मुद्रासँगै स्थिर विनिमय दर भएको नेपाली रुपैयाँ इतिहासमा यति कमजोर कहिल्यै भएको थिएन।

ब्याजदर र डलरका कारण नेपाली अर्थतन्त्रमा प्रतिकूल असर चुलिँदै गए पनि अधिकारीहरू गम्भीर देखिएका छैनन्। त्यसविरुद्ध नीतिगत अस्त्रहरू तयार गर्न औपचारिक रूपमा गृहकार्य भएको देखिएको छैन। चुनावी माहोलतिर देश गएको छ। दशैं लगायतका चाडपर्व आँगनमा आइसकेकाले सायद यस्ता गम्भीर विषयमा विमर्श गर्न सम्बद्ध निकाय र अधिकारीलाई फुर्सद समेत छैन होला। न्यून राजस्व उठ्तीसँगै बजेटका लक्ष्य पूरा गर्न कठिन देखिएको छ। राजश्वले नपुगेको घाटा बजेटलाई सरकारले आन्तरिक ऋण, बाह्य ऋण तथा अनुदान सहयोगले बजेटलाई सन्तुलनमा ल्याउने प्रयास गर्ने हो, तर ती सबै बाटोमा राम्रै तगारा छन्।

आन्तरिक ऋण निश्चय नै सहज छैन। उच्च ब्याजका कारण आन्तरिक ऋण महँगो हुँदैछ। विगतका कतिपय आन्तरिक तथा बाह्य ऋणको ब्याजदर समेत उच्च हुँदै गएको छ। आन्तरिक ऋणलाई उच्च ब्याजदरले प्रतिकूल असर पारिरहेको छ। उद्यमी तथा व्यवसायीले उच्च ब्याजदरमा समेत ऋण नपाउने अवस्थामा सहज आन्तरिक ऋण उठाउनु सरकारका लागि फलाम कै चिउरासरह हुन्छ। विगतमा लिएको ऋणको साँवा तथा ब्याज बुझाउन समेत बढ्दो डलरको भाउले समस्यामा पारेको छ। डलरमा लिएको ऋणको साँवा तथा ब्याजमा नेपाली जनताको बढी राजश्व योगदान खर्च गर्नुपर्ने अवस्था छ। राजश्व भने लक्ष्यको तुलनामा धेरै तल छ। आयात नियन्त्रण गर्न सरकारले लगाएको केही नियन्त्रण नीतिले वैदेशिक मुद्रा त केही बचत हुने अपेक्षा थियो। त्यस्तो ठूलो सकारात्मक असर त देखिएन। बरु आयातमा आधारित अर्थतन्त्रले बढी राजश्व दिन सकेन। त्यसको असर सरकारी वित्तमा देखा परेको छ।

यस्तो बेला के गर्ने ? आर्थिक विश्लेषणका कुरा बढी अध्ययन र अनुसन्धान मै आधारित हुनुपर्ने हो। त्यस्तो प्रवृत्ति देखिन सकेको छैन। सामान्यतयाः केही रणनीति तत्काल अख्तियार गर्नुपर्ने हुन्छ। अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य अहिले प्रतिब्यारेल एक सय डलरभन्दा धेरै तल आइसकेको छ। नेपालमा अहिले पनि इन्धनको मूल्य स्वचालित बनाउने विगतको प्रयासमा विराम लगाइएको छ। इन्धनका निम्ति विगतमा नेपाल आयल निगमले घाटा खायो भनेर महँगो इन्धन अब पनि कायमै राख्नुहुँदैन। इन्धनको मूल्य घटाउँदा अर्थतन्त्रमा लागत घट्छ। त्यसले ब्याजदर समेतलाई सकारात्मक प्रभाव पार्छ। उपभोक्तालाई राहतसँगै त्यसले लगानी बढाउँछ। रोजगारी सिर्जना गर्न सघाउ पुऱ्याउँछ। इन्धनको भाउ घटाउन अब ढिला गर्नुहुन्न।

आन्तरिक उत्पादनलाई बढोत्तरी दिने चालू आर्थिक वर्षको बजेटको लक्ष्य हो। सरकारका कतिपय मन्त्रालय बजेटको लक्ष्यभन्दा उल्टो बाटो हिँडेका छन्। देशभित्रैको दूध सङ्कलन गर्न छोडेर बाहिरबाट दूध आयात गर्न सम्बद्ध निकायलाई स्वीकृति दिइएका छन्। भदौ-असोजको महिना नेपालमा प्रशस्त दूध उत्पादन हुने बेला हो। यस्तो बेला भर्खरै बाहिरबाट दूध आयात गर्न स्वीकृति दिनु विडम्बना हो। आन्तरिक उत्पादन र आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन सरकार र सम्बद्ध निकायले तत्काल कदम चाल्दा आयात प्रतिस्थापन भई आर्थिक क्रियाशीलता बढ्नेछ।

अर्को कुरा निजी क्षेत्रलाई कम ब्याजमा बाहिरबाट लगानी ल्याउन प्रोत्साहन जरुरी छ। त्यसले देशभित्रका बैङ्क तथा वित्तीय संस्थालाई ब्याजदर नियन्त्रणमा राख्न बाध्यता आइपर्नेछ। बाह्य लगानीका लागि सरकारले नीतिगत झन्झट हटाउन धेरै प्रयास गर्नुपर्छ। यो निर्वाचनको मुखमा सरकारले त्यस्तो गर्न हिम्मत त धेरै नगर्ला तर गर्नैपर्ने बाध्यता छ, सरकारले सहजीकरण गर्नुपर्छ। राजनीतिक पार्टीहरूले आउँदो निर्वाचनका लागि घोषणापत्र ल्याउने बेला भएको छ। कठोर ब्याजदरले अर्थतन्त्रलाई पारेको अहिलेका गम्भीर असरको के-कसरी समाधान गर्ने भन्नेबारे दलहरूको आर्थिक नीति घोषणापत्रमा कति बोल्छ ? त्यो हेर्ने बेला समेत आएको छ। उच्च ब्याजदरले बैङ्क तथा वित्तीय संस्थाहरू स्वयम् जोखिममा जाँदैछन् भने अर्थतन्त्रलाई समेत जटिल दिशामा लैजाँदैछन्। यो समस्या समाधान नगरी अर्थतन्त्रले सही दिशा भने लिन सक्ने छैन। *गोप*

# ५८% महिला असुरक्षित गर्भपतन गराउन बाध्य



**झापा, असोज १०।** गर्भपतनले कानूनी मान्यता पाएको २० वर्षसम्म पनि अझै ५८ प्रतिशत महिला असुरक्षित गर्भपतन गराउन बाध्य छन् ।

आठौं राष्ट्रिय सुरक्षित गर्भपतन सेवा दिवस २०७९ का अवसरमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र यस क्षेत्रमा काम गरिरहेका संस्थाहरुको समूहले आयोजना गरेको कार्यक्रममा दूरदराजसम्म अझै चेतना जगाउन बाँकी रहेकामा जोड दिइएको थियो । कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री हीराचन्द्र केसीले सुरक्षित गर्भपतन सेवाका बारेमा अझै शिक्षा र जागरण फैल्याउनुपर्ने बताए ।

नेपालमा धेरै अधिकारको व्यवस्था भए पनि त्यसको सदुपयोग हुन नसकेको उनले सुनाए । मन्त्रालयका सचिव डा. रोशन पोखरेलले सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ मा संशोधनको प्रक्रिया अघि बढाउन मन्त्रालय तयार रहेको बताए ।

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले सुरक्षित गर्भपतनसँगै पटक-पटक गर्भपतन र परिवार नियोजनका साधनको प्रयोग गर्दाका फाइदा एवम् बेफाइदाका बारेमा जनचेतना जगाउन आवश्यक रहेकामा जोड दिए । काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोलले अनिच्छित गर्भपतनसँग आत्महत्याको विषय पनि जोडिने गरेकाले महानगरले पनि जागरण फैल्याउन लागेको जानकारी गराए ।

महिला, कानून र विकास मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठले गर्भपतनको अधिकार प्रजनन् स्वास्थ्य अधिकारको अङ्ग भए पनि तल्लो तहसम्म यस किसिमको बुझाइ हुन नसकेको बताए । गर्भपतनले कानूनी मान्यता पाएको २० वर्ष भए पनि अझै ८३ वटा गर्भपतनका मुद्दा चलिरहेको उनले सुनाए । गत वर्ष मात्र २७ वटा गर्भपतन गरेवापत् मुद्दा चलाइएको अधिवक्ता श्रेष्ठले जानकारी गराए ।

उनले भने- 'प्रतिनिधिसभाको कानून, न्याय तथा मानवअधिकार समितिले पनि यस सम्बन्धी कानून संशोधनका लागि सरकारलाई निर्देशन दिएको छिटो कानूनमा परिवर्तन गरिनुपर्छ, गर्भपतनको परिभाषा नै परिवर्तन गर्न संसदीय समितिको निर्देशन छ ।' महिलाको जीवन नै जोखिममा पर्ने अवस्था भए पनि अझै २८ हप्ता माथिको गर्भपतनका लागि कानूनले निषेध गरेको छ । स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाका निर्देशक डा. विवेककुमार लालले गर्भपतनले वैधानिकता पाएसँगै मातृ मृत्युदर घटेको जानकारी गराए । वैधानिकता पाएको २० वर्षसम्म पनि सुरक्षित गर्भपतन गराउनेको संख्या ४२ प्रतिशत मात्र रहेको बताए ।

कार्यक्रममा नेपाल परिवार नियोजन सङ्घका कार्यकारी अधिकृत नरेशप्रताप केसीले गर्भपतनलाई कानूनी मान्यता दिन संस्थाले खेलेको भूमिकाका बारेमा प्रकाश पारेका थिए । सो अवसरमा आइपास नेपालले तयार पारेको सुरक्षित गर्भपतन सम्बन्धी चेतनामूलक दृश्य सामग्री प्रस्तुत गरिएको थियो । कार्यक्रममा सुरक्षित मातृत्व एवम् प्रजनन् स्वास्थ्य अधिकार कार्य समूहले प्रकाशन गरेको वार्षिक बुलेटिन सहयात्रा पनि सार्वजनिक गरिएको थियो ।

वि.सं. २०५९ असोज १० गते मुलुकी ऐनको ११औं संशोधन गरी गर्भपतनलाई कानूनी मान्यता दिइएको थियो । कानूनी मान्यता पाएको दिनलाई सुरक्षित गर्भपतन सेवा दिवसका रूपमा वि.सं. २०७२ देखि मनाउन थालिएको हो । दिवसको यस वर्षको नारा 'सुरक्षित गर्भपतन : अपराध होइन, अधिकार हो' हो भन्ने नाराका साथ मनाइएकोछ ।

हाल नेपालमा सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने चार हजारभन्दा बढी सूचीकृत सेवाप्रदायक रहेका छन् । एक हजार पाँच सय संस्था मार्फत ती सेवाप्रदायकले सेवा दिन्छन् । हालसम्म १४ लाख महिलाले यो सेवा लिएको मन्त्रालयले जनाएको छ । सीमान्तकृत समूहका महिलामा सुरक्षित गर्भपतनको सेवाको पहुँच लैजान तीनै तहका सरकार, निजी क्षेत्र, सहयोगी संस्थाको ध्यान जानुपर्ने देखिन्छ ।

सुरक्षित गर्भपतन सेवा दिवस सोमबार देशभर विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गरी मनाइएको छ । यस अवसरमा झापासहित देशका विभिन्न स्वास्थ्य संस्थाहरुमा चेतनामूलक कार्यक्रम सम्पन्न भएको बताइएको छ ।

# भारतीय गाडीलाई 'सुविधा पास'

**झापा, असोज १०।** मेची भन्सार कार्यालयले आजदेखि पूर्वीनाका काँकरभिट्टाबाट निजी प्रयोजनका भारतीय नम्बर प्लेटका सवारीसाधनलाई नजिकको धुलाबारी बजारसम्म आवतजावत गर्न निःशुल्क 'सुविधा पास' उपलब्ध गराउन थालेको छ ।

तीन वर्षदेखि भारतीय सवारीसाधनलाई यो सुविधा दिइएको थिएन । भन्सार कार्यालयले आइतबार सूचना जारी गरेरै असोज १० गतेदेखि नाकाबाट प्रवेश गर्ने भारतीय जीप, कार र मोटरसाइकल आदिलाई 'सुविधा पास' दिइने जानकारी गराएको छ ।

मेची भन्सार कार्यालय काँकरभिट्टाका प्रमुख भन्सार अधिकृत केशवप्रसाद ओलीले मेची उद्योग वाणिज्य सङ्घ र पर्यटन व्यवसायसँग आबद्ध संघ-संस्थाले सीमा नजिकको बजारसम्म भारतीय सवारीसाधनलाई सुविधा पासमा प्रवेश दिन माग गर्दै आएको बताए । मेची उद्योग वाणिज्य संघले मेची भन्सार कार्यालयलाई ज्ञापनपत्र बुझाउँदै उक्त माग दोहोऱ्याएको थियो । भन्सार कार्यालयले व्यवसायीसँग यस विषयमा छलफल समेत गरेको थियो ।

मेची भन्सार कार्यालयको सूचनामा त्यस्तो सुविधा बिहान ८ बजेदेखि बेलुका ५ बजेसम्म चल्ने गरी भारतीय गाडीले पाउने उल्लेख छ । यो सुविधा पास पाउन भारतीय सवारीसाधनले कुनै शुल्क बुझाउनु पर्दैन । यसअघि भारतीय गाडीले २४ घण्टासम्म नेपालको सीमाभित्र सवारी सञ्चालन गर्न दैनिक पाँच सय रुपैयाँ तिरेर अस्थायी अनुमतिपत्र लिनुपर्थ्यो ।

मेची उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष मोहन निरौलाले भारतीय नम्बर प्लेटका निजी प्रयोजनका सवारीसाधनले नेपालसँगको सीमा नाँघेर धुलाबारी बजारसम्म आउन 'सुविधा पास' पाउँदा नेपाली बजारमा चहलपहल बढ्ने बताए ।

# गुरुङ समाज बिर्तामोडको सभा

**बिर्तामोड, असोज १०।** तमू ह्युल छोंज धी गुरुङ समाज बिर्तामोड नगर समितिको तेस्रो वार्षिक साधारण सभा सम्पन्न भएको छ ।

बिर्तामोड-१० स्थित वडा समिति कार्यालयको सभाहलमा समितिका अध्यक्ष सलबहादुर गुरुङको अध्यक्षतामा आयोजित उक्त सभाको प्रमुख अतिथि तमू ह्युल छोंज धी गुरुङ राष्ट्रिय परिषद्का केन्द्रीय सदस्य आनन्द गुरुङले उद्घाटन गरेका थिए ।

समितिका अध्यक्ष सलबहादुर गुरुङले संस्थाको वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष लेखनाथ गुरुङले आर्थिक प्रगति प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रममा विभिन्न व्यक्तित्वहरुलाई सम्मान तथा पुरस्कृत गरिएको थियो ।



यसरी सम्मानित हुनेहरुमा दोस्रो कार्यकालका लागि निर्वाचित बिर्तामोड-१० वडा समितिका वडाध्यक्ष दुर्योधन गुरुङ, गत शैक्षिक वर्ष २०७८ को एसईई परीक्षामा गुरुङ समुदायका विद्यार्थीमध्ये उत्कृष्ट हुने छात्र पेम्बा गुरुङ र छात्राद्वय निकिता गुरुङ र रेजिना गुरुङ रहेका छन् ।

सोही कार्यक्रममा बिर्तामोड-३ निवासी गंगा गुरुङले सोही वडामा निर्माण हुने गुरुङ संग्रहालयको भूमिदान शिर्षकमा पाँच लाख रुपैयाँ सहयोग रकम उपलब्ध गराउने घोषणा गरेकी थिइन् ।

कार्यक्रममा प्रमुख अतिथि आनन्द गुरुङ, तमू ह्युल छोंज धी राष्ट्रिय परिषद्का केन्द्रीय सल्लाहकार एवम् सामाजिक व्यक्तित्व जलकुमार गुरुङ, तमू ह्युल छोंज धी झापाका अध्यक्ष टीकाराम गुरुङ, तमू स्यो महिला झापाकी अध्यक्ष अमृता गुरुङ, सम्मानित व्यक्तित्व दुर्योधन गुरुङले शुभकामना मन्तव्य राखेका थिए ।

समितिका उपाध्यक्ष गोपीचन गुरुङले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन सचिव लीला गुरुङले गरेका थिए ।

# तीन जना गणित विषयविज्ञ सम्मानित

□ संगीता उप्रेती

**सुरुङ्गा, असोज १०।** गणित शिक्षाको क्षेत्रमा दीर्घ सेवा गर्ने तीन जना विषयविज्ञलाई सम्मान गरिएको छ ।



गणित शिक्षा परिषद् १ नं. प्रदेश समितिको आयोजनामा अन्तरिक्रिया, सम्मान तथा जिल्ला शाखा गठन कार्यक्रममा झापाका सेवानिवृत्त गणित शिक्षकहरू टहलदास अधिकारी, दिलीप अधिकारी र पुण्यप्रसाद खरेललाई सम्मान गरिएको हो ।

त्यसैगरी, सो अवसरमा 'वर्तमान गणित विषयमा देखिएका र समाधानका उपायहरू' विषयक अन्तरक्रिया सम्पन्न भएको थियो । गणित शिक्षा परिषद्का केन्द्रीय सदस्य घनश्याम अधिकारीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा कनकाई नगरपालिका प्रमुख राजेन्द्रकुमार पोखरेल, गणित विषयका पाठ्यपुस्तक लेखक अखिलकुमार कोइराला, कनकाई माविका प्रअ एवम् गणित शिक्षा परिषद् १ नं. प्रदेश समितिका सल्लाहकार कर्णबहादुर डाँगी, ढुकुरपानी मावि दमकका प्रअ कृष्णप्रसाद भण्डारी, हिमालय मावि दमकका प्रअ द्रोण श्रेष्ठ, प्रगति मावि जुरोपानीका प्रअ डिल्लीराम अधिकारी, भानु मावि अर्जुनधाराका प्रअ रूपक दाहाल, परिषद्कापूर्व केन्द्रीय सदस्य दण्डपाणि गौतम, सम्मानित व्यक्तित्वत्रयले मन्तव्य राखेका थिए ।

वक्ताहरूले इच्छाशक्ति भएका शिक्षकलाई मात्र गणित शिक्षणको जिम्मेवारी दिनुपर्ने, अन्य शिक्षकको दाँजोमा गणित शिक्षकले बढी मेहनत गर्नुपर्ने, शिक्षक सेवा आयोगले प्राथमिक तह शिक्षकका लागि पनि विषयगत गणित शिक्षकका लागि दरबन्दी किटान गरी विज्ञापन गर्नुपर्ने, गणित शिक्षकले पाठ्यपुस्तकभन्दा पनि पाठ्यक्रमलाई प्राथमिकता दिएर शिक्षण गर्नुपर्ने विषयमा जोड दिएका थिए ।

सो अवसरमा सर्वसम्मत रूपमा नौ सदस्यीय परिषद्का झापा शाखा पनि गठन गरिएको थियो । सरस्वती मावि कमलका सोम बरालको अध्यक्षतामा गठन गरिएको समितिमा उपाध्यक्षमा चम्पापुर मावि कनकाईका ज्ञानबहादुर माझी, सचिवमा धुलाबारी मावि मेचीनगरका टेकनाथ गौतम र कोषाध्यक्षमा बालकल्याण मावि महामाराका चन्द्रप्रसाद भट्टराई चयन भएका छन् । समितिको सदस्यमा साजनकुमार लिम्बू, चूडामणि पौडेल, मानपुर चौधरी, प्रभाखर काफ्ले र तिलक गजमेरलाई चयन गरिएको छ ।

गणित शिक्षालाई चाखलाग्दो, सरल र व्यावहारिक बनाउने, गणित विषय शिक्षणमा समयानुकूल नवीनतम् प्रविधि प्रयोग गर्न सहजीकरण गर्ने, मुलुकभरका गणित शिक्षकबीचको एकतालाई प्रबर्द्धन गर्ने लगायतका उद्देश्य राखी २०४८ सालदेखि अनौपचारिक र २०५४ सालदेखि औपचारिक रूपमा सञ्चालित गणित शिक्षा परिषद्ले यस क्षेत्रमा उल्लेखनीय काम गर्दै आएको छ । १ नं. प्रदेश अध्यक्ष सन्तोष विष्टको अध्यक्षतामा भएको कार्यक्रम सचिव चिरञ्जीवी पाण्डेले सञ्चालन गरेका थिए ।

# बिर्तामोडमा पाण्डव सहकारीको सेवाकेन्द्र



**बिर्तामोड, असोज १०।** अर्जुनधारा नगरपालिका वडा नम्बर ५ स्थित बिहीवार बजारको सामुदायिक भवनमा मुख्य कार्यालय रहेको पाण्डप बचत तथा ऋण सहकारी संस्थाले बिर्तामोडमा पहिलो सेवा केन्द्र सञ्चालनमा ल्याएको छ ।

संस्थाका अध्यक्ष पुष्पबहादुर घलेको अध्यक्षतामा भएको कार्यक्रममा सेवा केन्द्रको बिर्तामोड उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष बलराम कार्कीले उद्घाटन गरेका थिए । संस्थाले बिर्तामोड-१ स्थित अतिथिसदन छेउमा सेवा केन्द्र स्थापना गरी उद्घाटन गरेको हो ।

संस्थाकी लेखापाल भीमा भट्टराईले स्वागत गरेको कार्यक्रममा समाजसेवी काजी चौहान, गोविन्द कार्की, संस्थाका सल्लाहकार इन्द्रमणि पौडेल, देवीमाया घिमिरे लगायतको आतिथ्य रहेको थियो ।

हाल संस्थामा एक हजार २५ जना शेयर सदस्य र शेयर पुँजी एक करोड चार लाख रुपैयाँ रहेको संस्थाका अध्यक्ष घलेले जानकारी दिएका छन् । उद्घाटन कार्यक्रमको सञ्चालन संस्थाका सह-सचिव अर्जुनमणि निरौलाले गरेका थिए ।

# डेंगु संक्रमण नियन्त्रण र रोकथाम सम्बन्धी अन्तरक्रिया

**कमल, असोज १०।** डेंगु संक्रमण बढ्न थालेपछि झापामा नियन्त्रण र रोकथामका लागि स्थानीय तहले उच्च प्राथमिकता दिन थालेका छन् ।

डेंगुबाट संक्रमण हुनेको संख्या बढ्न थालेपछि जिल्लामा स्थानीय तह यसको नियन्त्रणमा लागेका हुन् । यसै क्रममा कमल गाउँपालिकाले समेत डेंगु संक्रमण बढ्न थालेपछि यसको नियन्त्रण र रोगथामका लागि सरोकारवालासँग छलफल र अन्तरक्रिया शुरु गरेको हो । अन्तरक्रिया कार्यक्रमको कमल गाउँपालिका अध्यक्ष हुकुम सिंह राईले गरेका थिए ।

गाउँपालिकाले डेंगु संक्रमण बढ्न नदिनका लागि जनप्रतिनिधि, विषयगत शाखाका प्रमुख, संघ-संस्थाका प्रतिनिधि, विद्यालयका प्रध्यानाध्यापक तथा शिक्षक पालिकाका स्वास्थ्यकर्मी लगायतको सहभागितामा डेंगु संक्रमणको रोगथामका लागी एकदिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको स्वास्थ्य शाखाले जनाएको छ ।

देशभर डेंगुको संक्रमण बढीरहेको छ यस्तो अवस्थामा कमल गाउँपालिकाका समेत डेंगुको बिरामी देखिन थालेकोले यसलाई रोगथाम गर्नका लागि सरसफाईमा विशेष ध्यान दिनुपर्ने हुन्छ । यस्ता जनचेचनामूलक कार्यक्रम गर्दै नागरिकलाई डेंगु संक्रमणबाट जोगाउनका लागि कमल गाउँपालिका स्वस्थ्य शाखा लागीपरेको शाखा प्रमुख इन्द्र अर्यालले बताए ।

स्वास्थ्यकर्मीको एकल प्रयासले मात्र डेंगु संक्रमण नियन्त्रण र रोकथाम गर्न सम्भव हुँदैन यसका लागि जनप्रतिनिधिका साथै विद्यालय, विभिन्न संघ-संस्थाको पनि उत्तिकै भूमिका हुने भएकोले सबै एकजुट भएमात्र डेंगु संक्रमणलाई नियन्त्रण गर्न सकिने अर्याल बताउँछन् ।

डेंगु भाइरसबाट संक्रमित एडिस जातको पोथी लामखुट्टेको टोकाईबाट मानिसमा यो रोग सर्ने गर्दछ । झापामा अहिलेसम्म ७० जनाभन्दा बढीलाई यो रोग लागेको पुष्टि भएको स्वस्थ्य कार्यालय झापाका जनस्वास्थ्य निरीक्षक विष्णुलाल श्रेष्ठले बताए । यो लामखुट्टेले घाम झुल्किनु र अस्ताउनुभन्दा दुई घण्टा अगाडि टोक्ने भएकोले सावधानी अपनाउनुपर्ने समेत श्रेष्ठले बताए ।

लामखुट्टेको टोकाईबाट बच्नका लागि घर वरिपरि पानि जम्ने खाल्डाखुल्डी पुर्ने, कुलर, घमला र फ्रिजको पानि हपतामा दुई पटक सफा गर्ने, काम नलाग्ने भाँडाकुँडा, बोतल, टायर लयायतका सामग्रीमा पानी जम्न नदिएमा डेंगुको संक्रमण जोगिन सकिने स्वास्थ्यकर्मी बताउँछन् ।


के तपाईंको Class 12 मा 'NG' आयो ?

असोज ३० र ३१ गते हुने Class 12 को ग्रेड वृद्धि परीक्षाका Tuition Class

इक्जाम्टेड विद्यार्थीका निम्ति छ ओटै विषयका कोचिङ्ग कक्षाहरू संचालित छन् ।

✪ Science ✪ Management
✪ Humanities ✪ Education

More Details: Tel.: 023-544975, Mob.: 9804988534

अत्याधिक विद्यार्थीहरु SLC तथा +2 पास गराउन सफल

पाइथागोरस एजुकेशन फाउण्डेशन

अतिथि सदन रोड, बिर्तामोड, झापा



## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।



सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५



## मोटरसाइकल हरायो

कालो रातो कलरको बजाज कम्पनीको निम्न व्यहोराको भएको पल्सर मोटरसाइकल हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध छ ।

मोडल : PULSAR 150
इन्जीन नं. : DHZRME-74804
चेसिस नं.: MDZA11C X2MPE 99426
दर्ता नं.: प्र.१-०१-०१५ प ४१९
नाम : ख्यामबहादुर राई
ठेगाना : देउमाई-७, इलाम
हाल : बिर्तामोड-१, झापा
सम्पर्क नं. : ९८१३९९९६३५



## कर्मचारी आवश्यकता

यस कामधेनु दूध डेरी उद्योग बिर्तामोड-१ झापामा केही कर्मचारी आवश्यकता परेको हुँदा इच्छुक महानुभावहरुले २०७९/०३/१४ गतेसम्ममा सम्पर्क राख्नुहोला ।

पद : Markting Sales Boy/Sales Girl
तलब : आपसी समझदारी+Comission
उमेर : २२ वर्षदेखि ४५ वर्षसम्म

*नोट : स्थानीयलाई प्राथमिकता दिइनेछ । साइकल तथा बाइक आफ्नै हुनुपर्ने ।*

आवश्यक कागजात : सक्कली नागरिकता र दुई वटा PP साइजको फोटो लिएर आउनु होला ।

सम्पर्क नं. : ९८१६९३३९६०, ९८१५९७९३५६



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।


## नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाली सेना

### श्री नं. २१ बाहिनी अड्डा, तोपगाछी ब्यारेक, झापा

## विद्युतीय खरिद प्रणाली (E-GP) मार्फत बोलपत्र आह्वानको सूचना

*प्रथम पटक प्रकाशित मिति २०७९/०६/११ गते*

**सूचना नं. १**

१) झापा जिल्ला, कमल गाउँपालिका वडा नं. ३ तोपगाछीस्थित यस नं. २१ बाहिनी अड्डामा खानेपानी संरचना निर्माण गर्नको निमित्त सार्वजनिक खरिद नियमावली २०६४ संशोधनसहितको नियम ३१ बमोजिम बोलपत्रको माध्यमबाट निर्माण कार्य गर्नुपर्ने भएकोले उक्त निर्माण कार्यको लागि विद्युतीय खरिद प्रणालीमार्फत बोलपत्र आह्वान गरिएको हुँदा उक्त निर्माण कार्य गर्न इच्छुक इजाजत प्राप्त निर्माण व्यवसायी, रजिष्टर्ड कम्पनी/फर्म/संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ३१ ( एकतिस)औं दिन (मिति २०७९/०७/१४ गतेको १२:०० बजे)भित्रविद्युतीय खरिद प्रणालीमा बोलपत्र सम्बन्धी कागजात र फाराम शुल्क रु. ३०००।०० तीन हजार) मात्र (पछि फिर्ता नहुने गरी) तिरेको बैंक भौचर र बोलपत्र जमानत रु. १,२५,०००।०० (एक लाख पच्चीस हजार) तथा बोलपत्र कागजात (Bid Document) तयार गरी विद्युतीय खरिद प्रणालीम अपलोड गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२. साथै विद्युतीय खरिद प्रणालीमा दर्ता हुन आएको बोलपत्रको मिति २०७९/०७/१४ गतेको १३:०० बजे यस नं. २१ बाहिनी अड्डा तोपगाछी ब्यारकेमा खोलुवा गरिने व्यहोरा समेत सूचित गरिन्छ ।

**नोट : यो सूचनासहित थप विवरणहरु श्री नं. २१ बाहिनी अड्डाको मुलगेट र सूचना पाटीमा समेत टाँस गरिएको छ । साथै, यो सूचना सम्बन्धी कुनै दुविधा भएमा विस्तृत जानकारीको लागि यस बाहिनी अड्डाको फोन नं. ०२३-४७५२२० र ९८५२६२५२२० मा सम्पर्क गर्न सकिनेछ ।**

**श्री नं. २१ बाहिनी अड्डा तोपगाछी ब्यारेक**


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



## कर्मचारी आवश्यकता

यस न्यू होल्यान्ड ट्र्याक्टर शोरुमलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

पदः फिल्डर अफिसर – २ जना (ट्र्याक्टर विभाग)
योग्यताः +२ वा सो सरह
सम्बन्धित काममा अनुभवीलाई विशेष प्राथमिकता ।

NEW HOLLAND AGRICULTURE

रोयल ब्रदर्श
बिर्तामोड-२ (चारपाने, झापा)
मो. ९८१२३९७११९, ९८०२७६०११३



## हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार


पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** व्यापार व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** आज तपाईलाई स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशुचौपायाबाट यथेष्ठ लाभ नमिल्नाले मन चिन्तित रहला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** आजको दिन मिश्रित फलदायी रहेको छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** तपाईले आज क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, तर इष्टमित्रले साथ दिनेछन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, आज तपाई मन खिन्न रहला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** मन प्रशन्न रहला, धन तथा स्वास्थ्य लाभका साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ । शुभ खबर सुन्न पाइनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** दिन फलदायी रहेको छ, चिठ्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, तपाईको आर्ि मन प्रशन्न रहने छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धिको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** व्यापार, व्यवसायमा लाभको योग रहेको छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** समय सामान्य रहनेछ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, धैर्य रहनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।